## नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना

सूचना प्रकाशित मितिः २०७९/०८/१५

**वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था नवीकरणको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना.....................................................................................................................**

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५क. को उपनियम (५) बमोजिम यस मन्त्रालयमा सूचिकृत भएका वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५क. को उपनियम (८) बमोजिम प्रत्येक आर्थिक बर्षको पौष मसान्त भित्र पाँच हजार रुपैयाँ नवीकरण दस्तुर बुझाई सूचीकरण नवीकरण गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम देहायको बैंक खातामा तोकिएको दस्तुर/रकम जम्मा गरी सो को सक्कल भौचर तथा तपसिलमा उल्लिखित कागजात र विवरण सहित २०७९ पौष मसान्त भित्र यस मन्त्रालयमा सूचीकरण नवीकरणको लागि निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

देहाय/ तपसिल

१. रकम दाखिला गर्ने खाताको नाम - वैदेशिक रोजगार कल्याणकारी कोष
२. खाता नम्बर - ००१०११०२२००००६
३. रकम दाखिला गर्ने बैंकको नाम - एभरेष्ट बैंक, सिंहदरबार (बैंकको जुनसुकै शाखाबाट रकम दाखिला गर्न सकिने)

**नवीकरणको लागि निवेदन साथ पेश गर्नु पर्ने कागजात र विवरणहरु:**

(क) सूचीकरण प्रमाणपत्रको प्रतिलिपि,
(ख) मिति २०७९ पौष मसान्त सम्मको लागि सूचीकरण नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
(ग) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) अघिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
(ङ) स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट स्वास्थ्य संस्था सञ्चालन स्वीकृतिको प्रमाणपत्र र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
(च) नाम, स्वामित्व वा ठेगाना परिवर्तन भएको भए सम्बन्धित निकायबाट सो को स्वीकृति प्राप्त गरेको पत्रको प्रतिलिपि।

नोट : तोकिएको शर्तहरु पूरा नगरिएको खण्डमा नवीकरण नगर्ने र कारोबार रोक्का गर्ने व्यहोरा सूचित गराइन्छ।